नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली

# सूचनापत्र

मासिक

आषाढ/श्रावण २०७४ (July 2017) वर्ष २१/अङ्क २४४

## मृत्यु संस्कार, दाह संस्कार वा समाधि (दफन): जलाउने कि गाड्ने ?

- पाष्टर बर्णबास श्रेष्ठ

सबै मानिसको जीवनको गर्नैपर्ने संस्कारमा मृत्यु संस्कार पनि एक हो। यो अत्यन्तै संवेदनशील विषय भएकोले सबैले यस विषयको सम्बन्धमा राम्रोसँग जान्न र समयमै विचार गर्नु आवश्यक छ। समयमै यस सम्बन्धमा जानकारी नभएको खण्डमा मृत्यु हुँदाको समयमा धेरै असमझदारीको संभावना हुन सक्ने कुरालाई ध्यानमा राखी यो छलफलको विषयलाई अगाडि बढाएका छौं।

**१. मृत्यु निश्चित छ: भजनसंग्रह ४८:९, भजनसंग्रह ८९:४९, भजनसंग्रह १०९:२९**

**क. मृत्यु संस्कारको सम्बन्धमा बाइबलले के भन्दछ ?**

बाइबलमा हामीले मृत्यु संस्कार यसरी नै गर्नुपर्छ भनेर आज्ञा वा नियमको रूपमा स्पष्टसँग बताएको वा लेखिएको पाउँदैनौं। त्यस समयमा यहूदी परम्पराअनुसार मृत शरीरलाई गाड्ने चलन थियो। पुरानो नियममा शुरूदेखि हेर्ने हो भने **उत्पति २३:२९, १ इतिहास १६:२४** मा बताएअनुसार जमीनमाथि खोपेर बनाएको चिहानमा (ओडारमा) मृत्यु भएकै दिन दफन गर्ने चलन थियो। सुगन्धित मसलाहरू लगाएर शवलाई ओडारमा राख्ने चलन पनि थियो। नसक्नेहरूले जमीनमुनि गाडेको (दफन गरीएको) उदाहरणहरू धेरै पढ्न पाउँछौं, पछि नयाँ नियममा येशू ख्रीष्टको शरीरलाई पनि पहरामा खोपेर बनाएको चिहानमा राखिएको पढ्न पाउँछौं (**मत्ती २७:६०-६६**)।

पुरानो नियममा जलाएको उदाहरण पनि छ। शाउल र उसको छोराहरू जोहरूलाई पलिस्तीहरूले मारेर छाडेका वीर योध्दाहरूले भेट्टाए, उनीहरूले ती लासहरूलाई जलाए (**१ शमूएल ३१:१२**)।
पुरानो नियममा लासहरू जलाएको चाहिँ या त यातना दिइएको वा मारिएको व्यक्तिको सम्वन्धमा छ अर्थात् जलाउने कुरा नकारात्मक अर्थमा लिइएको छ। तर नयाँ नियममा भने पावलले कोरिन्थीमा भएको मण्डलीलाई लेख्दा उनी भन्दछन्, "मेरो शरीर जलाउनलाई दिइहालें, तर मसित प्रेम छैन भने मलाई केही लाभ हुँदैन" (**१ कोरिन्थी १३:३**), यहाँ शरीर जलाउन दिने कुरालाई सकारात्मक रूपमा प्रस्तुत गरेका छन्।

हामीले मृत्युपछिको जीवनको सम्बन्धमा राम्रोसँग बुझ्न सक्यौं भने जलाउने वा दफन गर्ने भन्ने कुरा त्यति ठूलो विषय बन्दैन।

**ख. मृत्युपछिको जीवनको सम्बन्धमा बाइबलले के भन्दछ त ?**

परमेश्वरले मानिसलाई श्राप दिनुहुँदा भन्नुभयो, "माटोमा नफर्कुञ्जेल तेरो निधारको पसिनाले कमाएको भोजन तैंले खानेछस्। किनकि माटैबाट तँ निकालिएको थिइस्। तँ माटै होस् र माटैमा फर्किजानेछस्" **उत्पति ३:१९**, धुलोबाट आएको धुलोमा नै फर्कि जानुपर्छ
(**उपदेशक ३:२०, १२:७, भजनसँग्रह १०४:२९**)।

पावलले कोरिन्थीमा भएका मण्डलीलाई लेख्दा पनि जोड दिएर स्पष्टसँग लेखेका छन् कि माटोको विनाशी शरीर छ भने आत्मिक अविनाशी शरीर पनि छ। जे रोप्दछौं, त्योचाहिँ पछि हुने शरीर होइन (**१ कोरिन्थी १५:३७**) अनि शरीर पनि स्वर्गीय र पार्थिव हुन्छन् (**१ कोरिन्थी १५:४०**) प्राकृतिक शरीर छ भने आत्मिक शरीर पनि अवश्य हुन्छ
(**१ कोरिन्थी १५:४४**)।

त्यसरी नै स्वर्गका मानिसको रूप धारण गर्नेछौं (**१ कोरिन्थी १५:४९**) पावल यो पनि भन्दछन् कि मासु र रगत स्वर्गका राज्यको हकदार हुन सक्दैन (**१ कोरिन्थी १५:५०**), पुनरुत्थान हुँदाको शरीर बेग्लै हुन्छ। हाम्रो अहिले भएको शरीर त केवल पाल जस्तै अर्थात् अस्थायी हो (**२ कोरिन्थी ५:१**)। अंग्रेजी सबै अनुवादमा पार्थिव शरीरलाई Tent वा Tabernacle भनिएको छ र जसको अर्थ पाल नै हो। पाल भन्नु नै अस्थायी हो।

हाम्रो शरीर पुनरुत्थान हुँदा हामीले आत्मिक, अविनाशी, स्वर्गीय, महिमित शरीर (**फिलिप्पी ३:२१**) प्राप्त गर्छौं र जुन शरीरमा कष्ट, रोग, अभाव, दुर्बलता, सीमितपना, असक्षमता भन्ने हुँदैन। चाहे त्यो गाडेपछि कुहिएर माटो भएको होस् वा जलाएपछि खरानी भएर पछि माटो बनेको होस् वा समुद्रमा डुबेर माटो भएको होस् वा आगलागीमा परेर खरानी भई माटोमा मिलेको होस् सबैलाई एकैक्षणमा परमेश्वरले बिउताउँनुहुन्छ र सबैलाई एक एक नयाँ आत्मिकशरीर अर्थात् अविनाशी शरीर दिनुहुन्छ
(**१ कोरिन्थी १५:५२-५३**)।

हामीले ख्याल राख्नुपर्ने कुरा के हो भने, मृत्यु पछि हाम्रो शरीरको त्यति ठूलो स्थान नभए तापनि मृत शरीरलाई ससम्मान अन्त्येष्टि गरिनु आवश्यक छ कारण जीवित हुँदा यो पवित्रआत्माको मन्दिरको एउटा भाग हो (**१ कोरिन्थी ३:१६**)।

मृत शरीर भन्दा पनि उनका नजीककाहरूको भावना र अवस्थालाई सबैले बुझिदिनु र सम्मान गर्नु अति जरुरी छ साथै मर्ने व्यक्तिले मर्नु अगावै (जीवित छँदा नै) आफ्नो लासको मृत्यु संस्कारलाई यसरी गरिदिनु भनेर इच्छा व्यक्त गर्नुभएको छ भने र व्यक्त गरिएको इच्छा सम्भव र सान्दर्भिक छ भने सोहीअनुसार गरिदिनु असल हुन्छ। कतिपय अवस्थामा विभिन्न कारणले गर्दा हामीले चाहेजस्तो प्रकारले मृत्यु संस्कार गर्न सम्भव नहुन सक्छ। त्यस्तो अवस्थामा परिवारका सदस्यहरूले अवस्था बुझी परिस्थितिअनुसार मृत शरीरलाई सदगत गर्न तयार रहन पर्छ र असहजतालाई न्यूनिकरण गर्न सहयोग पुऱ्याउनुपर्छ।

मृत्यु सबैको लागि निश्चित भएको हुँदा सबैले यस विषयलाई समयमै सोचेर ठीक निर्णय लिएमा पछिबाट अनावश्यक वादविवाद र समस्यालाई धेरै कम गर्न मद्दत पुग्छ।

**मृत्यु संस्कार गर्दा ध्यान पुऱ्याउनुपर्ने कुराहरू:**

बाइबलमा हामीलाई यसरी नै मृत्यु संस्कार गर्नुपर्छ भनेर आज्ञाको रूपमा वा विधिको रूपमा नलेखिदिएको अवस्थामा मृतकको परिवारको भावनालाई सम्मान गर्नुपर्छ। दफननै गर्नुपर्छ वा जलाउनैपर्छ भनेर दबाब दिन ठीक हुँदैन।

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरुको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुरूजुधारा | भैंसेपाटी |
|---|---|---|---|---|---|---|---|
| **आषाढ २४**<br>July 8 | पाष्टर रोबर्ट कार्थक<br>पाष्टर सामुएल कार्थक | एल्डर<br>मान बहादुर मगर | पाष्टर<br>अशोक मुखिया | एल्डर<br>घन श्याम दाहाल | पाष्टर<br>दफ्तन सादा | एल्डर<br>सिमोन पाठक | श्री<br>प्रकाश शर्मा |
| **आषाढ ३१**<br>July 15 | एल्डर<br>शुईंग कार्थक | श्री<br>सिद्धि खालिङ | एल्डर<br>जेम्स राई | एल्डर<br>सीता गुरूङ | श्रीमती<br>गंगा श्रेष्ठ | एल्डर<br>छ्योगेन रोंगोंग | श्री<br>आमोस खालिङ |
| **श्रावण ७**<br>July 22 | श्री<br>विष्णु देउला | श्री<br>एलिजर तामाङ्ग | एल्डर<br>सामुएल क्षेत्री | पाष्टर<br>रोबर्ट कार्थक | एल्डर<br>रूबेन श्रेष्ठ | पाष्टर<br>रोल्याण्ड रोंगोंग | एल्डर<br>गोपाल शर्मा |
| **श्रावण १४**<br>July 29 | श्री<br>लेखनाथ पौडेल | डीकन<br>बागमान तामाङ्ग | एल्डर<br>घन श्याम दाहाल | एल्डर<br>शरण राई | एल्डर<br>श्रीलक्ष्मी सैंजु | एल्डर<br>नभराज के.सी. | श्री<br>इन्द्र खालिङ |
| **श्रावण २१**<br>August 5 | पाष्टर<br>रोबर्ट कार्थक | संयुक्त सेवा<br>ज्ञानेश्वर चर्च | संयुक्त सेवा<br>ज्ञानेश्वर चर्च | पाष्टर<br>राजेन्द्र रोंगोंग | डीकन<br>सिमोन भण्डारी | पाष्टर<br>रोल्याण्ड रोंगोंग | एल्डर<br>शरण राई |

देश वा सामाजिक अवस्थालाई विचार गर्नुपर्ने हुन्छ । जहाँ जलाउन सम्भव नै हुँदैन त्यहाँ जलाउनु नै पर्छ वा त जहाँ दफन गर्ने जमीन नै छैन वा अन्य विभिन्न कारणले दफन गर्न सम्भव छैन भने, त्यहाँ दफन नै गर्नुपर्छ भनेर हठी गर्दा नसोचेको परिणाम भोग्न पर्ने अवस्था आउनसक्छ ।

आफ्नो वा आफ्नो परिवारको विचारलाई मात्र सोच्नु भन्दा व्यावहारिकतालाई पनि सोच्न सक्नु परिपक्वता हुन्छ । बदलिँदो परिस्थितिका साथै तीब्र शहरीकरणले गर्दा दफन गर्ने ठाउँको अभाव बढ्दै गएको कारण अब मृत शरीरलाई जलाउने तर्फ विचार गर्न बुद्धिमानी हुन्छ ।

आर्थिक भारलाई विचार गरेर ठीक निर्णय लिन पनि जरुरी छ । यदि हामीले समय छँदै जोहो गरेका वा रकम छुटचाएर राख्न सक्यौं भने आफ्ना परिवार वा आफन्तलाई कठिन समयमा आर्थिक भारको पीरलाई धेरै कम गर्न मद्दत पुग्छ ।

मृत्यु पछि के गर्ने गाड्ने वा जलाउने भन्ने कुरा महत्वपूर्ण कुरा होइन सबैभन्दा महत्त्वपूर्ण कुरा भनेको हामी जीवित छँदै उहाँको लागि जिउन, खोजी गर्न र उहाँको सेवा गर्ने कुरा महत्त्वपूर्ण हो ।

## जानकारी



नुवाकोट बस्नुहुने ललितपर मण्डलीको सदस्य श्री सन्त बहादुर पाखीन ४५ वर्षको उमेरमा जेष्ठ १६ गते/मे ३० तारिख मंगलबार प्रभुमा सुत्नुभयो ।



नाङ्गले बस्नुहुने नेइम जहरसिंह पौवा मण्डलीको सदस्य श्रीमती उमा देवी तामाङ्ग ७४ वर्षको उमेरमा जेष्ठ २० गते/जुन ३ तारिख शनिबार प्रभुमा सुत्नुभयो ।



मुलपानी बस्नुहुने जोरपाटी मण्डलीको सदस्य श्रीमती मुन माया नेपाली ६५ वर्षको उमेरमा जेष्ठ १८ गते/जुन १ तारिख बिहीबार प्रभुमा सुत्नुभयो ।



जोरपाटी बस्नुहुने नेइम जोरपाटी मण्डलीको सदस्य श्रीमती लाप्टी शेर्पा ३९ वर्षको उमेरमा जेष्ठ ३० गते/जुन १३ तारिख मंगलबार प्रभुमा सुत्नुभयो ।

जेष्ठ २७ गते/जुन १० तारिख शनिबार नेइम सिर्जनानगर मण्डली अन्तर्गतको छोरी संगति, साँगा खाल्चोकको अगुवा श्री भूपाल लामालाई डीकन अभिषेक गरियो ।

जेष्ठ २७ गते/जुन १० तारिख शनिबार नेइम गोंगबूँ मण्डलीअन्तर्गतको छोरी संगति लिखु संगतिको अगुवा श्री कुमार तामाङ्गलाई अगुवा अभिषेक गरियो ।

आषाढ ३ गते/जुन १७ तारिख शनिबार नेइम गोंगबूँ मण्डलीमा ७ जना विश्वासीहरूको समर्पण भयो ।

### जुलाई महिनाको कार्यक्रम

आषाढ २५ गते/जुलाई ९ तारिख आइतबार बिहान १०:०० बजे **नेइम परिषद्को बैठक** ज्ञानेश्वर मण्डलीमा ।

श्रावण १ गते/जुलाई १६ तारिख आइतबार बिहान १०:०० बजे **महिला उपवास प्रार्थना** आ-आफ्नै मण्डलीमा ।

श्रावण १ गते/जुलाई १६ तारिख आइतबार बिहान ९:३०-२:०० बजेसम्म **नेइम बाल संगतिका शिक्षक/शिक्षिकाहरूको भेटघाट** गोंगबूँ चर्चमा ।

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरुको नामावली

| मिति | जोरपाटी | जहरसिंह पौवा | गाम्छा | सुन्दरीजल | साँखु | गोंगबूँ | धापासी | भंगाल |
|---|---|---|---|---|---|---|---|---|
| **आषाढ २४** July 8 | पाष्टर प्रेम श्रेष्ठ | एल्डर जमान घ्लान | एल्डर अष्ट श्रेष्ठ | एल्डर दानिएल सापकोटा | एल्डर सागर थापा | पाष्टर रोबर्ट कार्थक | संयुक्त सेवा गोंगबूँ चर्च | श्री कुमार राई |
| **आषाढ ३१** July 15 | पाष्टर रोबर्ट कार्थक | संयुक्त सेवा जोरपाटी चर्च | | | | एल्डर पिटर लिम्बू | पाष्टर बर्णबास श्रेष्ठ | श्री प्रशान्त सिंह |
| **श्रावण ७** July 22 | एल्डर सागर थापा | एल्डर अर्जुन ढकाल | श्री कृष्ण तामाङ्ग | श्री लेखनाथ पौडेल | पाष्टर प्रेम श्रेष्ठ | पाष्टर बर्णबास श्रेष्ठ | एल्डर बी.एन पण्डित | एल्डर जोरविर राई |
| **श्रावण १४** July 29 | पाष्टर बर्णबास श्रेष्ठ | डीकन मोहन श्रेष्ठ | श्री राज गुरूङ्ग | एल्डर सिमोन पाठक | श्री कृष्ण तामाङ्ग | पाष्टर प्रेम श्रेष्ठ | पाष्टर अशोक मुखिया | श्री चन्द्र मोक्तान |
| **श्रावण २१** August 5 | श्री डा. ऱ्याण्डल गिल्सन | एल्डर जमान घ्लान | एल्डर अष्ट श्रेष्ठ | एल्डर दानिएल सापकोटा | एल्डर सागर थापा | पाष्टर बर्णबास श्रेष्ठ | एल्डर छोदेन कार्थक | संयुक्त सेवा धापासी चर्च |

# हार्दिक बधाई

## हार्दिक बधाई




एशिया र विश्वका विभिन्न राष्ट्रहरू गरी करीब छ हजार बाबु छोरा वा बाबु छोरी दुवैजना सेवकाइमा हुनुभएकाहरूको तीन दिनको एशिया इम्पावर ट्वान्टीवान (E21) सम्मेलन सिंगापुरमा सम्पन्न भएको थियो । त्यस सम्मेलनमा एशियाका सात राष्ट्रहरू (भारत, श्रीलंका, नेपाल, दक्षिण कोरिया, हङ्गकङ्ग, इण्डोनिसिया र सिंगापुर) मा सम्पूर्ण जीवन प्रभुको सेवामा समर्पित भई लामो समयसम्म सेवकाइ गर्नुभएका पाष्टर तथा अगुवाहरूलाई सम्मान गर्ने कार्यक्रममा आदरणीय **पाष्टर रोर्बट कार्थक गुरूबा** नेपालमा रहेर लामो समयसम्म सेवकाइ गर्नुभएकोमा जेष्ठ १९ गते/जुन २ तारिख शुक्रबार सिंगापुरमा सम्मानित हुनुभएको छ । नेपाल देशदेखि बाहिर रहेका मण्डलीहरूले पनि उहाँको सेवकाइको कदर गर्दै सम्मानित हुनुभएकोमा नेइम मण्डली परिवारको तर्फबाट हार्दिक बधाई ज्ञापन गर्दछौं ।



जेष्ठ २२ गते/जुन ५ तारिख सोमबार नेइम ज्ञानेश्वर मण्डलीकी सदस्य सुश्री **मरियम तामाङ्ग** र एजी मण्डली गवाटी, आसामको सदस्य श्री **प्रभात तामाङ्ग**को नेइम ज्ञानेश्वर मण्डलीमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **प्रभात** र **मरियम तामाङ्ग**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



जेष्ठ २४ गते/जुन ७ तारिख बुधबार नेइम ज्ञानेश्वर मण्डलीअन्तर्गतको छोरी संगति काटाकुटीकी सदस्य सुश्री **प्रिश्किला श्रेष्ठ** र बेथशालोम, अनुग्रह मण्डली, सिन्धुपाल्चोकको सदस्य श्री **राकेश श्रेष्ठ**को नेइम काटाकुटी संगतिमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **राकेश** र **प्रिश्किला श्रेष्ठ**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



असार ४ गते/जुन १८ तारिख आइतबार नेइम ज्ञानेश्वर मण्डलीको सदस्यहरू श्री **मान बहादुर तामाङ्ग** र सुश्री **सुष्मा श्रेष्ठ** को नेइम ज्ञानेश्वर मण्डलीमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **मान बहादुर** र **सुष्मा तामाङ्ग**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



असार ४ गते/जुन १८ तारिख आइतबार नेइम गोंगबूँ मण्डलीकी सदस्य सुश्री **सल्मा राना मगर** र ए.एम.आई. बालाजु चर्चको सदस्य श्री **इश्वर पुन**को नेइम गोंगबूँ मण्डलीमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **इश्वर** र **सल्मा पुन**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



आषाढ १३ गते/जुन २७ तारिख मंगलबार नेइम ललितपुर मण्डलीका सदस्यहरू सदस्य श्री **विप्लप सिजापति** र सुश्री **कविता दाहाल**को नेइम ललितपुर मण्डलीमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **विप्लव** र **कविता सिजापति**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

| | | | | | |
|---|---|---|---|---|---|
| **आइतबार**<br>Sunday | १८ 2<br>देशका सबै मण्डलीका पाष्टर तथा अगुवाहरूको लागि प्रार्थना गरौं ।<br>२ तिमोथी ३:१६, ४:१-५ | २५ 9<br>नेइमअन्तर्गत विभिन्न शाखा आवद्ध मण्डलीहरूमा वचनको भोक तिर्खा बढेर गएको होस् ।<br>भजनसंग्रह १०७:९ | १ श्रावण 16<br>नेपाल देशका मानिसहरूले प्रभु येशू ख्रीष्ट सत्य र जीवित परमेश्वर हुनुहुन्छ भनेर जान्न र विश्वास गर्न सकून् ।<br>यशैया ४५:१८-२५ | ८ 23<br>शाखा/आवद्ध मण्डलीहरूका अगुवाहरूले परमेश्वरको बगाल मण्डलीलाई विश्वास-योग्यताका साथ पवित्र आत्माको सहायतामा सधैं हेरचाह गर्न सकून् ।<br>१ पत्रुस ५:१-४ | १५ 30<br>सारा संसारभर प्रभुको नाउँको खातिर दुःख, कष्ट, सतावट, खेदो सहनुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>२ तिमोथी ३:१०-१६ |
| **सोमबार**<br>Monday | १९ 3<br>सेवा संगतिहरूमा वचनको सेवकाइ गर्नुहुनेहरूको लागि प्रभुबाटको वचन र पवित्र आत्माको अगुवाइ साथै मण्डलीले वचन ग्रहण गरी पालन गर्नको लागि प्रार्थना गरौं ।<br>यशैया ५५:८-११, | २६ 10<br>अधुरो परिवारमा हुनुभएकाहरू सबै अवस्थामा परमेश्वरमा स्थिर रहन सकून् ।<br>भजनसंग्रह १२१:१-८ | २ 17<br>मण्डलीका सबै सेवक-सेविकाहरू आफ्ना सेवकाइको क्षेत्रमा समर्पित र उदाहरण भएर मण्डलीको हेरचाह गर्न सकून् ।<br>प्रेरित २०:२८-३२ | ९ 24<br>इस्राएल देशका यहूदी जातिहरूले येशू ख्रीष्टलाई चिन्न सकून् भनी प्रार्थना गरौं ।<br>आमोस ९:१३-१५ | १६ 31<br>परमेश्वरको प्रेम चाखेर फेरि संसारमा फर्केर गएकाहरू साथै विभिन्न कारणले सेवा संगतिहरूमा आउन छोडेकाहरू परमेश्वरको प्रेम सम्झेर फर्कि आउन सकून् ।<br>मीका ७:१८-१९ |
| **मंगलबार**<br>Tuesday | २० 4<br>मण्डलीका सबै विश्वासीहरू सधैं प्रार्थनामा जागा रहनेहरू हुन सकून् ।<br>मर्कूस १३:३२-४१ | २७ 11<br>संसारका देवहरूले बन्द बनाएका मानिसहरूको समझ खोलिएको होस् भनी प्रार्थना गरौं ।<br>२ कोरिन्थी ४:४, १०:३-५ | ३ 18<br>मण्डली परिवार सधैं एक आपसमा प्रेम, मेलमिलापमा रही असल साक्षीद्वारा परमेश्वरको महिमा गर्न सकौं ।<br>यूहन्ना १३:३४-३५ | १० 25<br>यी आखिरी दिनहरूमा विभिन्न माध्यमहरूद्वारा प्रचारिने सुसमाचारद्वारा संसारभर धेरै मानिसहरू प्रभुको राज्यमा आउन सकून् ।<br>मत्ती २४:१४ | १७ August 1<br>बप्तिस्मा नलिएकाहरूले प्रभु येशू ख्रीष्टको भएर जिउनको लागि बप्तिस्माको कदम उठाउन सकून् ।<br>२ कोरिन्थी ५:१५ |
| **बुधबार**<br>Wednesday | २१ 5<br>देशलाई अस्वस्थ, कमजोर बनाउने, गरीबीतिर धकेल्ने भ्रष्टाचार, घूसखोरी, चेलीबेटी बेचबिखन, देह व्यापार, लागु पदार्थको अवैध धन्दा अन्धकारका कामको विरुद्धमा प्रार्थना गरौं ।<br>मत्ती १८:१८ | २८ 12<br>अधुरो घर परिवारकाहरू सबै विश्वासमा आउन सकून् भनी प्रार्थना गरौं ।<br>प्रेरित १६:३१-३२ | ४ 19<br>मिशनेरी भएर विभिन्न ठाउँमा सेवकाइको लागि जानुभएका-हरूको सेवकाइ, परिवार, संगति, मण्डलीको लागि प्रार्थना गरिदिऔं ।<br>यूहन्ना २०:२१-२३ | ११ 26<br>सुसमाचार सुनाउने कुरामा हामी सबै लागि पर्न सकौं ।<br>रोमी १०:९-१७ | १८ 2<br>झूठा शिक्षा र शिक्षकको भर्माउने कुराबाट होशियारी रहन मण्डलीका सबै सदस्यहरूलाई पवित्र आत्मा परमेश्वरले नै सहायता गरून् ।<br>गलाती ५:६-९ |
| **बिहीबार**<br>Thursday | २२ 6<br>प्रभुको नाउँको खातिर दुःख, कष्ट, सतावट, खेदो, निन्दा सहिरहनुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>रोमी ८:३१-३९ | २९ 13<br>खेदो सतावटको कारण मण्डली अझै बलियो हुँदै र परमेश्वरको राज्य अझ बढेर जानेछ भनी सबै विश्वासीहरू आँटिलो, साहसिलो हुन सकून ।<br>प्रेरित ८:१-८, ११:१९-२१ | ५ 20<br>परमेश्वरप्रतिको प्रेममा धन्यवादी भई आफ्नो कमाइबाट दशांश साथै अन्य भेटी दिने काममा सधैं इमानदार भइरहन सकौं ।<br>२ कोरिन्थी ८:१-७ | १२ 27<br>मण्डलीका पाको उमेरका सबै वृद्ध/वृद्धाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>भजनसंग्रह २३:१-६ | १९ 3<br>सबै परिवारमा पारिवारिक वेदी निरन्तर हुन सकोस् भनी प्रार्थना गरौं ।<br>यहोशू २२:१९ |
| **शुक्रबार**<br>Friday | २३ 7<br>आराधना सेवामा सेवा सञ्चालन, वचन प्रचार, स्तुति प्रशंसा र सुसमाचार प्रचार गर्नुहुने साथै मण्डली परिवारको लागि प्रार्थना गरिदिऔं ।<br>१ कोरिन्थी १४:२६, १ पत्रस ४:११ | ३० 14<br>मण्डली, सेवा संगति साथै झुण्डहरूलाई प्रभुमा डोऱ्याउन सेवक/सेविकाहरूको कमी नभएको होस् भनी प्रार्थना गरौं ।<br>मत्ती ९:३५-३८ | ६ 21<br>मानिसहरूले ख्रीष्ट येशू प्रभुलाई साँचो हृदयले प्रभु अनि मुक्तिदाता भनी ग्रहण गर्न सकून् ।<br>२ कोरिन्थी ६:१-२, तितस २:११ | १३ 28<br>मण्डलीका विश्वासीहरू वचन सुन्ने मात्र होइन तर वचन पालन गर्नेहरू हुन सकून् ।<br>भजनसंग्रह १९:७-११ | २० 4<br>परमेश्वरको वचनको भोक, तृष्णा हामी सबैमा जागेको होस् जसको फलस्वरूप हामी वचनमा आधारित जीवन जिउन सकौं ।<br>मत्ती ५:६, कलस्सी २:६-७ |
| **शनिबार**<br>Saturday | २४ 8<br>मण्डलीको आराधना सेवा, प्रार्थना सभा, घरेलु संगति, आत्मिकी सेवा साथै अन्य सेवा संगतिहरूमा यथाशक्य मण्डलीले भाग लिन सकून् ।<br>भजनसंग्रह २६:२-८, २७:४ | ३१ 15<br>शनिबारको आराधना सेवा साथै अन्य सेवा संगतिहरूद्वारा मण्डली अझै प्रभुमा बढ्दै जान सकून् ।<br>फिलिप्पी ३:१२-१६ | ७ 22<br>सारा विश्वव्यापी मण्डलीहरू संख्यात्मक वृद्धि मात्र होइन तर आत्मिक जागृतिको साथै पवित्रतामा निरन्तर बढ्दै जान सकून् ।<br>२ कोरिन्थी ३:१६-१८ | १४ 29<br>बाल संगतिका बालबालिका-हरू र शिक्षक/शिक्षिकाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>मर्कूस १०:१३-१६ | २१ 5<br>मण्डलीलाई प्रशस्त आशिष्मा डोऱ्याउनुहुने साथै आशिष्को कारण बनाउनुहुने परमप्रभु परमेश्वर पितालाई सबै आदर, भक्ति र महिमा चढाइरहन सकौं ।<br>भजनसंग्रह १४७:१-२० |

**किनभने जुन योजनाहरू मैले तिमीहरूका निम्ति बनाएको छु, ती म जान्दछु, परमप्रभु भन्नुहुन्छ । ती तिमीहरूका उन्नतिको निम्ति हुन्, नोक्सानीको निम्ति होइनन्, तिमीहरूलाई आशा र भविष्य दिनलाई । तब तिमीहरू मकहाँ आउनेछौ, र मलाई प्रार्थना गर्नेछौ, र म तिमीहरूको प्रार्थना ध्यानसित सुन्नेछु । जब तिमीहरूले आफ्ना सारा हृदयले मलाई खोज्नेछौ तब तिमीहरूले मलाई खोजेर पाउनेछौ ।**

**यर्मिया २९:११-१३**


प्रकाशकः नेइम ज्ञानेश्वर चर्च, पो.ब. ११३१, काठमाडौं, नेपाल फोन नं: ४४१४४८९/४४१२१७२, फ्याक्स नं. ४४११०१४ Email:info@nim.org.np,